आज मिति २०७४ साल चैत्र २२ गते विहिवारका दिन नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खर सिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी. | ,, |
| - | शाखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - | इन्जिनियर | श्री रबिन्द्रलाल श्रेष्ठ | ,, |
| - | क.अ. | श्री गोकर्णराज वाग्ले | ,, |
| - | शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | ,, |

**निर्णयहरु**

**निर्णय नं.१:** नगरस्तरीय विषयगत समितिहरुलाई तल लेखिए बमोजिम पुर्नगठन गर्ने निर्णय गरियो ।

(क) **आर्थिक विकास समिति**

| | |
|---|---|
| १. श्री काशीराम श्रेष्ठ | संयोजक |
| २. श्री खर सिं दरै | सदस्य |
| ३. श्री कृष्णदेवी खनाल | सदस्य |
| ४. श्री रविन पौडेल | सदस्य |
| ५. लेखा अधिकृत श्री मेघनाथ आचार्य | सदस्य सचिव |

(ख) **पूर्वाधार विकास समिति**

१. श्री सतिशचन्द्र न्यौपाने संयोजक
२. श्री प्रेमकुमार श्रेष्ठ सदस्य
३. श्री एकराज तिवारी सदस्य
४. श्री बसुन्धरा घर्ती सदस्य
५. इन्जिनियर श्री रविन्द्रलाल मुल सदस्य सचिव

(ग) **सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

१. श्री विश्वराज न्यौपाने संयोजक
२. श्री तोत्रबहादुर कुवंर सदस्य
३. श्री मधुमाया घर्ती सदस्य
४. श्री निरबहादुर ठकुरी सदस्य
५. ब.आ.ले.प. अधिकृत श्री कुमारकन्चन जि.सी. सदस्य सचिव

(घ) **वातावरण तथा विपद व्यवस्थापन समिति**

१. श्री मोहनकुमार श्रेष्ठ संयोजक
२. श्री सुनसरी गुरुङ्ग सदस्य
३. श्री लक्ष्मी परियार सदस्य
४. श्री रामकृष्ण अधिकारी सदस्य
५. शाखा अधिकृत श्री कृष्णराज घिमिरे सदस्य सचिव

(ङ) **सामाजिक विकास समिति**

१. श्री काजीमान श्रेष्ठ संयोजक
२. श्री सुरेश थापा सदस्य
३. श्री केशरी दुरा सदस्य
४. श्री चुडामणी दाहाल सदस्य
५. सूचना अधिकारी श्री गोकर्णराज वाग्ले सदस्य सचिव

(च) **विधायन समिति**

१. श्री सूर्यभक्त भण्डारी संयोजक
२. श्री अमृतबहादुर नेपाली सदस्य
३. श्री कल्पना पोखेल सदस्य
४. श्री मिना राना पन्थ सदस्य
५. बरिष्ठ कार्यक्रम अधिकृत श्री राजेन्द्र कार्की सदस्य सचिव

**निर्णय नं.२:** नगरको समग्र विकासको अभियानमा आवश्यक सल्लाहका लागि नगर प्रमुखको संयोजकत्वमा सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

१. नगर प्रमुख श्री वैकुन्ठ न्यौपाने संयोजक
२. राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष श्री जगदिशचन्द्र पोखेल सदस्य
३. संविधान सभाका पूर्व सदस्य एवं पूर्व नगर प्रमुख श्री ध्रुव वाग्ले, व्यास ५ ,,
४. प्रथम नगर प्रमुख श्री ताराप्रसाद श्रेष्ठ, व्यास ४ ,,
५. पूर्व सचिव श्री पुरुषोत्तम ओझा, व्यास ५ ,,
६. पूर्व कृषि निर्देशक श्री भैरवराज कैनी, व्यास ११ ,,
७. वरिष्ठ इन्जिनियर श्री सूर्यनारायण श्रेष्ठ, व्यास ३ ,,
८. पर्यटनविद् श्री हरि सिहं गुरुङ्ग, व्यास १ ,,
९. इतिहासविद् श्री तिलु थापा, व्यास ११ ,,
१०. आमन्त्रित युवा अभियन्ता श्री अपार पौडेल ,,

**निर्णय नं.३:** घर नक्शा पारित गर्दा एकिकृत सम्पत्ति कर अन्तरगत घरको कर चुक्ता गरेपछि मात्र सम्पन्न प्रमाणपत्र दिने निर्णय गरिन्छ ।

**निर्णय नं.४:** स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार प्राविधिक शिक्षा संचालनका लागि नेपाल सरकार समक्ष आवश्यक श्रोत माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** व्यास नगरपालिका भित्रका ७५ वर्ष पुरा गरेका जेष्ठ नागरिकहरु र अशक्त अपाङ्गहरुको तथ्याङ्क संकलन गरी प्रत्येक वडास्तरीय सम्मान कार्यक्रम २०७५ बैशाख महिनाभित्र सम्मान गर्ने र प्रत्येक जेष्ठ नागरिक तथा अशक्त अपाङ्गहरुलाई रु.१०००। (एक हजार) पौष्टिक आहार वापत उपलब्ध गराउने र दोसल्लाद्वारा सम्मान गर्न सबै वडा समितिलाई अनुरोध गर्ने निर्णय गरिन्छ । वडा समितिबाट सिफारिस भएका संख्यामा आवश्यक जेष्ठ नागरिक सम्मानका लागि विनियोजित रकमबाट व्यवस्था गर्ने समेत निर्णय गरिन्छ ।

**निर्णय नं ६:** व्यास नगरपालिका वडा नं ५ मानहूंकोटबाट शहिदहरुको गाउँ पुलिमराङ्गसम्म २०७५ बैशाख भित्र पर्यटन प्रर्बद्धन सद्भावना दौड संचालन गर्न नगर प्रमुखको अध्यक्षतामा सबै वोर्ड सदस्यहरु र नगरका विभिन्न संघ संस्थाका प्रतिनिधिहरु सम्मिलित ७५ सदस्यीय तयारी समिति गठन गर्ने र आवश्यक तयारीका लागि श्री मोहनकुमार श्रेष्ठ संयोजक, श्री मेघनाथ आचार्य र श्री रविन्द्रलाल मूल सदस्य रहने गरी तयारी समिति गठन गर्ने निर्णय गरिन्छ । उक्त दौड व्यास ५ को मानहुँकोट, पराशर क्षेत्र, व्यास गुफा, घाँसीकुवा, तनहुँसुर टुहुरे पसल हुँदै व्यास ८ को पुलिमराङ्गसम्म रहने र आवश्यक प्रचार प्रसार, टिसर्ट, क्याप, उपचार आदि समेतको व्यवस्था खेलकूद अन्तर्गत विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.७:** पृथ्वी राजमार्ग वडा नं १२, १, २, ३, ४, ५ का ७५ फुटभित्र निर्माण भएका घर टहरा एवं संरचनाहरुलाई सहायक मार्ग सम्बन्धित व्यक्ति वा संघ संस्थालाई घर टहरा हटाउन ३५ दिने सूचना जारी गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.८:** व्यास नगरपालिकाका जनप्रतिनिधिहरु लगायतका सम्बद्ध शाखा प्रमुखहरुलाई बदलिदो परिवेश अनुकुल पूर्नताजगी २ दिने प्रशिक्षण कार्यक्रम गर्ने र उक्त प्रशिक्षणका लागि २,५०,०००। (दुई लाख पचास हजार रुपैया मात्र) रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** व्यास नगरपालिका १४ वटा वडाहरुको विभिन्न तथ्यांकहरु २०७५ वैशाखमा संकलन गर्नका लागि प्रस्तावित रु.१६,२५,०००। रकम बिनियोजन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.१०:** व्यास नगर सभाका महिला प्रतिनिधिहरु २९ जना र सम्बद्ध शाखाका अन्य बढिमा ५ जना महिला कर्मचारीहरुलाई क्षमता विकास र तालिम संचालन गर्न रु.४७,०००। (सड्चालीस हजार रुपैया मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** नगरपालिका परिशरमा निर्माणाधीन बहुउद्देश्यीय भवनको ठेक्का स्वीकृति प्राप्त सिनर्जी बिल्डर्स् प्रा.लि.ले निर्माण प्रक्रियामा छुट हुन गएका र परिमार्जन गर्नुपर्ने कामका लागि थप गर्न माग भए अनुसार प्राविधिकको मूल्यांकन प्रतिवेदनका आधारमा माटो फाल्ने कार्य र भुई तलाको पि.सि.सि. को परिमाण थप हुन गए वापत थप व्ययभार रु.११,६८,०३७८७ VO स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** देउराली विल्डर्सको पराशर मार्ग, घाँसीकुवा पोखेलफाँट मार्ग, व्यास मार्ग, पटके सवारी कर टेण्डर मध्ये तनहुँ विद्युत परियोजनाबाट पराशर मार्गको टेण्डर रद्द गर्न अनुरोध भइआए अनुसार नगरपालिकाबाट टेण्डर रद्द गरिएको हुँदा अन्य टेण्डर समेतको कार्य गर्न असमर्थताको निवेदन दिएकाले उक्त टेण्डरहरुको धरौटी मध्ये ५०% धरौटी रकम जफत गरी ५०% मात्र धरौटी रु.६४,५००। (चौसठ्ठी हजार पाँच सय रुपैया) फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** आ.व.२०७४/०७५ मा विज्ञापन करको ठेक्का लगाउन २ पटक सूचना प्रकाशन गर्दा पनि ठेक्का पर्न नआएकोले कार्यालयले तोकेको न्यूनतम अंक ३,००,०००। (तीन लाख मात्र) कायमै रहने गरी वार्षिक बृद्धिदर ३०% को सट्टामा १५% र २०% क्रमश: दोस्रो र तेस्रो वर्ष मा थप गर्ने गरी ठेक्कामा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र नयाँ दर्ता, नविकरण र खारेजी सम्बन्धी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा ११ (२) (छ) (१०) ले व्यवस्था गरे अनुसार कार्यविधि बनाइसकिएको अवस्थामा कार्य संचालन गर्नका लागि ४ (चार) सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

(क) प्रमुख प्रशासकीय अधिकृत श्री हरिप्रसाद बांस्तोला -संयोजक
(ख) इन्जिनियर श्री रविन्द्रलाल मुल -सदस्य
(ग) वित्त सहायक श्री हेमन्त गुरुङ्ग -सदस्य सचिव
(घ) आमन्त्रित सदस्य निर्माण व्यवसायी संघ जनप्रतिनिधि १

**निर्णय नं.१५:** स्वास्थ्य स्वयमसेविकाहरुको वार्षिक ६ पटकबाट नबढ्ने गरी प्रति बैठक यातायात खर्च वापत १०७ सदस्यका लागि प्रतिव्यक्ति रु.५००। (पाँच सय) रुपैंया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १६:** व्यास पराशर क्षेत्र विकासको १०८ फिट व्यासको मूर्ती निर्माण गर्न बिनियोजित रकम सम्बन्धित संस्थाको २०७४/१२/२२ को पत्रानुसार अर्को वर्षको बजेटबाट उपलव्ध गर्ने गरी आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** व्यास नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो । कार्यक्रम अनुसूचीमा संलग्न गरिएको छ ।

**निर्णय नं.१८:** आर्थिक विकास समितिबाट अनुमोदनका लागि पेश भएका कृषि तर्फको कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** निम्न लिखित योजनाहरुका लागि निम्नानुसारको बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | शिर्षक | वडा नं | रकम | श्रोत |
|---|---|---|---|---|
| १. | बसपार्क | ०२ | २३७७०५०। | २५,००,०००। मध्येबाट |
| २. | बसपार्क आउने बाटो सुधार | ०१ | ८,००,०००। | वडा नं. २ को कालिका मार्गको बजेट |

**निर्णय नं.२०:** बिभिन्न वडा समितिबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमलाई देहाय बमोजिम रकम बिनियोजन गर्ने निर्णय गरियो ।

(१) रिसेड (अपाङ्ग) सम्बन्धी तालिम संचालन गर्न रु.१,५०,०००। (एक लाख पचास हजार) मात्र ।
(२) व्यास ११ चादेखोल्सीमा चुवावट रोक्न खा.पा. योजना रु.२१,५००। (एक्काई हजार पांच सय) मात्र
(३) व्यास १० उन्नत तथा पशुपालन समूह मोटर खरिद/पाइप रु.४०,०००। (चालीस हजार रुपैया) मात्र ।
(४) व्यास ३ मा शौचालयका लागि बिनियोजन भएको रु.१,२५,०००। सार्वजनिक शौचालयमा प्रयोग गर्ने निर्णय गरियो ।
(५) व्यास ११ चण्डी आधारभूत खा.पा. रु.४६,०००। (छयालीस हजार रुपैया) मात्र
(६) वडा नं ३ को अनसन चौतारी निर्माणका लागि रु.५ पांच लाख मात्र ।
(७) भतेरीमा सरसफाई सेड निर्माण गर्ने ।
(८) भोर्लेटार चोकदेखि डांडग्रे खोल्सीमा ढल व्यवस्थापन गर्न रु.७८,०००। (अठहत्तर हजार रुपैया) मात्र ।
(९) व्यास १ अन्तर्गतको टोड्के बांध निर्माण गर्न रु.१,५०,०००। (एक लाख पचास हजार रुपैया) मात्र
(१०) व्यास १४ अन्तर्गत रहेको नयाँगाउँ टोलमा खा.पा. योजनाका लागि रु.५ पाँच लाख ।
(११) व्यास ५ झ्याम पधेरा मर्मत गर्न रु.१ लाख ।

(१२) व्यास ५ पाटन स्थित पराशर आश्रम जाने पक्की नाला निर्माण गर्न रु.२ दुई लाखा ।
(१३) व्यास ९ बसन्ते तेर्सो कुवा मर्मत योजना रु.१,५०,०००। एक लाख पचास हजार ।
(१४) व्यास ५ ठूलोटार सिमलगैरा टोल खा.पा. योजना १,५०,०००। एक लाख पचास हजार ।
(१५) व्यास ५ शिवमन्दिर (कन्टार) निर्माण रु.१,००,०००। एक लाख ।
(१६) व्यास ५ भगेंरी खा.पा. योजना रु.५,००,०००। पाँच लाख ।
(१७) व्यास ३ मा संचालन भएको १८ महिने अखण्ड भजन किर्तन कार्यक्मलाई रु.३ तीन लाख ।
(१८) पत्रकार महासंघ तनहूं शाखालाई रु.३ तीन लाख

**निर्णय नं. २१:** व्यास नगरपालिका वडा नं १, २ र ३ मा सडक बोर्ड नेपाल शीर्षक अर्न्तगत शहरी सडक (कालोपत्रे) मर्मत योजना **(ठेक्का नं. १/२०७४।०७५),** कन्टार रिङरोड मार्ग खण्ड स्पट ग्राभेलिङ/मर्मत गर्ने कार्य **(ठेक्का नं २/२०७४।०७५),** तथा न.पा.को अन्य स्रोतबाट संचालन हुने गरी वडा नं १ को वडा कार्यालय भवन निर्माण योजना **(ठेक्का नं ३/२०७४।०७५),** वडा नं ४ को वडा कार्यालय भवन निर्माण योजना **(ठेक्का नं ४/२०७४।०७५),** वडा नं १० को वडा कार्यालय भवन निर्माण योजना **(ठेक्का नं.५/२०७४।०७५)** र वडा नं.३ अनसन चौतारी पार्कमा कम्पाउण्डवाल निर्माण योजना **(ठेक्का नं ६/२०७४।०७५)**को लागि मिति २०७४।११।१६ गते लोकवाणी राष्ट्रिय दैनिक, दमौली खवर राष्ट्रिय दैनिक, भञ्ज्याङ राष्ट्रिय दैनिक तथा तनहुँ उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी बोलपत्र सम्बन्धी सूचना अनुसार तोकिएको समयमा कार्यालयमा दर्ता हुन आएका फर्म वा कम्पनीका सिलबन्दी बोलपत्रहरु मिति २०७४।१२।१६ गते विभिन्न कार्यालयका प्रतिनिधिहरु समेतको रोहवरमा मुचुल्का गरी खोलिएकोमा त्यसरी खोलिएका बोलपत्रहरु न.पा. बोलपत्र मूल्यांकन समितिको बैठकबाट मूल्यांकन भई ठेक्का नं.४ को लागि बोलपत्र दर्ता गराउने **श्री युसन कन्स्ट्रक्सन म्याग्दे ६ तनहुँले** न.पा कार्यालयको विभागीय लागत अनुमान भन्दा ४०.२८ प्रतिशत अंक घटी बोलपत्र फाराम दर्ता गराएकोमा मिति २०७४।१२।१९ गते बसेको बोलपत्र मूल्यांकन समितिको बैठकको निर्णय बमोजिम उक्त मूल्यमा काम गर्न सक्ने स्पष्ट आधार र दर विश्लेषण पेश गर्नु भनी पत्र लेखिएकोमा उक्त फर्मबाट BOQ मा भुलबस रेट फरक पर्न गएको हुँदा उक्त मूल्यमा काम गर्न नसकिने भनी पत्र दर्ता गराएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन २०७३) को नियम ६५ को अधिनमा रही मूल्यांकन समितिले विश्लेषण गर्दा उक्त मूल्यमा श्री युसन कन्स्ट्रक्सन म्याग्दे ६ तनहुँले भवन निर्माणको कार्य गर्न नसक्ने तथा बोलपत्र स्वीकृत गरी कार्य अगाडि बढाउँदा समेत योजना प्रभावित हुने देखिएकोले उक्त फर्मले न.पा कार्यालयमा पेश गरेको कृषि विकास बैंक लिमिटेडबाट व्यास नगरपालिका कार्यालयको नाउँमा मिति २०७४।१२।१४ मा जारी रु.७४,७००।०० बराबरको बैंक ग्यारेण्टी नं BB/0168/0031/4914/18 बराबरको बिड बण्ड जफत हुने गरी उक्त बोलपत्रलाई अस्वीकृत गर्न न.पा. कार्यकारिणी बैठक समक्ष सिफारिश गर्ने भनी निर्णय पेश हुन आएको हुँदा मूल्यांकन समितिको सिफारिस बमोजिम श्री युसन कन्स्ट्रक्सन म्याग्दे ६ ले न.पा. कार्यालयमा पेश गरेका ठेक्का नं ४/२०७४।०७५ को बैंक ग्यारेन्टी जफत गर्ने गरी बोलपत्र अस्वीकृत गर्ने तथा निम्न फर्मका वा कम्पनीका बोलपत्रहरु स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | फर्मको नाम र ठेगाना | ठेक्का नं | कबोल अंक (मु.अ.क बाहेक) |
|---|---|---|---|
| १ | श्री वाईल्ड स्टोन कन्स्ट्रक्सन,व्यास १० तनहुँ | १/०७४।०७५RBN | रु,३७,०१,१२४।७७ |
| २ | श्री वाईल्ड स्टोन कन्स्ट्रक्सन,व्यास १० तनहुँ | २/०७४।०७५RBN | रु,१२,३९,२७।१० |
| ३ | श्री वाईल्ड स्टोन कन्स्ट्रक्सन,व्यास १० तनहुँ | ३/०७४।०७५mun | रु,१८,९३,५४८।३९ |
| ४ | श्री वाईल्ड स्टोन कन्स्ट्रक्सन,व्यास १० तनहुँ | ४/०७४।०७५mun | रु,२१,९०,१२६।४५ |
| ५ | श्री वाईल्ड स्टोन कन्स्ट्रक्सन,व्यास १० तनहुं । | ५/०७४।०७५mun | रु,२२,८२,६०२।६६ |
| ६ | श्री वाईल्ड स्टोन कन्स्ट्रक्सन,व्यास १० तनहुं । | ६/०७४।०७५mun | रु,१३,६०,९७५।४१ |

**निर्णय नं.२२:** व्यास नगरपालिका वडा नं ४ र १० अन्तर्गत रहेको सार्वजनिक जग्गाको क्षेत्रफल २४१-११-०-० भएको जग्गाको संरक्षण गर्नका लागि ल.ई गरी आगामी बोर्डमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** यस नगरपालिकाको विभिन्न वडाहरुमा संचालन भएका योजना तथा कार्यक्रमहरुको फरफारक तथा जाँचपास गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर प्रमुख | -संयोजक |
| २. उप प्रमुख | -सदस्य |
| ३. पूर्वाधार विकास समितिको संयोजक | -सदस्य |
| ४. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ५. योजना शाखाका शाखा प्रमुख | -सदस्य सचिव |

**समितिमा पेश हुने आवश्यक कागजातहरु**

(क) सम्बन्धित प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन
(ख) ऐन को १२ (घ) बमोजिम वडा अध्यक्षको काम सम्पन्न भए नभएको सिफारिस
(ग) उपप्रमुखबाट प्रस्तुत अनुगमन प्रतिवेदन
(घ) उपभोक्ता समितिको निर्णय र भुक्तानी पाउँ भन्ने निवेदन
(ङ) सम्बन्धित योजनाको विशेषज्ञ र अन्य आवश्यक कर्मचारी आवश्यकतानुसार आमन्त्रण गरिनेछ ।

**निर्णय नं २४:** व्यास नगरपालिकाको तपसिलमा उल्लेखित वडाहरुलाई सडक बत्ती व्यवस्थापन गर्नका लागि प्रत्येक वडाहरुलाई २,२५,०००। (दुई लाख पच्चीस हजार रुपैया) मात्र बिनियोजन गर्ने निर्णय गरियो ।

(क) वडा नं १
(ख) वडा नं २
(ग) वडा नं ३
(घ) वडा नं ४
(ङ) वडा नं ५

**निर्णय नं २५:** यस नगरपालिकामा रहेको बारुणयन्त्र व्यवस्थापन गर्न श्रीकृष्ण दल गण चापाघाट व्यारेकसँग आपसी परामर्श गरी बारुणयन्त्र उक्त श्रीकृष्ण दल गणलाई जिम्मा दिने निर्णय गरियो ।